# जोरायल गाउँपालिका
## (Jorayal Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
## (Office of The Rural Municipal Executive)

रावतकट्टे, डोटी
Rawatkatte, Doti
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७९/०८०
सू.नं. ४६

जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

### भवन नियमित तथा अभिलेखीकरण सम्बन्धि सार्वजनिक सूचना।

सूचना प्रकाशित मिति : २०७९।१२।२४

प्रस्तुत विषयमा यस जोरायल गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९ फागुन २३ गतेको बैठकबाट जोरायल गाउँपालिकाको भवन नियमित तथा अभिलेखीकरण सम्बन्धी कार्यविधी २०७९ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र नक्सा पास नगरी तथा स्वीकृत नक्सामा हेरफेर गरि निर्माण भएका भवन संरचनाहरुको नियमित तथा अभिलेखीकरण गर्ने प्रयोजनको लागि मिति २०८० असोज मसान्त सम्मको समयावधी दिने भनि निर्णय भएकाले यस गाउँपालिका क्षेत्रभित्र नक्सा पास नगरी निर्माण भएका वा स्वीकृत नक्सामा हेरफेर गरि निर्माण भएको कारणले निर्माण सम्पन्न प्राप्त गर्न नसकेका निजि, सार्वजनिक, सरकारी लगायत सम्पूर्ण पक्की, कच्ची भवन संरचनाहरुको अभिलेखीकरणका लागि भवन नियमित तथा अभिलेखीकरण कार्यविधी-२०७९ मा तोकिएको प्रक्रिया अनुसार यस कार्यालयमा निवेदन पेश गर्न हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै सो अवधी पश्चात भवन अभिलेखीकरणको कार्य नहुने र नक्सा पास एवम् अभिलेखीकरण नभएको भवन संरचना भेटिएमा सो संरचना अबैध मानी नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाईने व्यहोरा जानकारी गराईन्छ ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत